मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: बी.एड./तेस्रो सेमेस्टर — पूर्णाङ्क: ६०

समय: ३ घण्टा — उत्तीर्णाङ्क: ३०

विषय: आधुनिक नेपाली निबन्ध र समालोचना (नेपा.शि. ४३५/३३६)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ ।*

## समूह 'ख' — ६×५= ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. निबन्धको परिचय दिँदै यसका तत्वहरूको चर्चा गर्नुहोस् ।

२. 'गौतम बुद्धको चिठी अशोकको नाममा' निबन्धमा शान्ति र सहसम्बन्धका विभिन्न आयामहरूलाई कसरी केलाइएको छ ? स्पष्ट पार्नुहोस् ।

३. 'जय भुँडी' निबन्ध के कस्ता विशेषताका कारण हास्यव्यङ्ग्य निबन्ध मानिएको हो ? उदारहण सहित प्रष्ट पार्नुहोस् ।

**अथवा**

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धगत प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

४.'चम्चा चिन्तन' निबन्धले वर्तमानका व्यक्तिलाई कसरी व्यङ्ग्य प्रहार गरेको छ ? उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

५. समालोचनाको परिचय र परिभाषा दिनुहोस् ।

६. समालोचक केशवप्रसाद उपाध्यायका समालोचनात्मक प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

**अथवा**

निबन्ध र प्रबन्ध विधाका समानता र भिन्नताहरू केलाउनुहोस् ।

## समूह 'ग' — २× १० =२०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. आधुनिक नेपाली समालोचनाको विकासक्रम र चरणगत प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

८. निबन्धकार शङ्कर लामिछानेले त्यस समयमा प्रस्तुत गरेका जीवनसम्बन्धी विचारहरू आजसम्म आइपुग्दा झनै सान्दर्भिक लाग्छन् भन्ने कथनलाई 'पेन्डुलम एस्सिलेसन पेन्डुलम' निबन्धमा प्रस्तुत जीवन दर्शनका आधारमा समीक्षा गर्नुहोस् ।

**अथवा**

नेपाली निबन्ध विधाको विकासमा नियात्रा लेखनका मूलभूत प्रवृत्तिलाई केलाउदै 'पातालमा बिलाउने रोग' निबन्धलाई नियात्रा निबन्ध मानिनुका कारणलाई उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: बी.एड./ तेस्रो सेमेस्टर

बिषय: आधुनिक नेपाली निबन्ध र समालोचना (नेपा.शि. ४३५/३३६)

---

रोल नं. ................

समूह 'क' १० × १ = १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस् ।**

१. आत्मपरक निबन्धका सुरुवात कर्ता को हुन् ?
(क) मिसल द मोन्तेन (ख) फ्रान्सिस बेकन
(ग) जे डब्लु म्यारिट (घ) रबर्ट लिन्ड

२. 'पातालमा विलाउने रोग' निबन्धले प्रस्तुत गरेको विषय कुन हो ?
(क) शैक्षिक उन्नति (ख) प्रतिभा पलायन
(ग) विसङ्गत जीवन (घ) भौतिक लिप्सा

३. बौद्धिकता र चिन्तनशीलता कुन निबन्धकारका निवन्धमा पाइन्छ ?
(क) हृदयचन्द्रसिंह प्रधान (ख) लक्ष्मीप्रसाद देवकोटा
(ग) कृष्णचन्द्रसिंह प्रधान (घ) मोदनाथ प्रश्रित

४. 'शिक्षा' निबन्धमा कस्तो शिक्षाको अपेक्षा गरिएको छ ?
(क) जीवनोपयोगी शिक्षा (ख) अनिवार्य शिक्षा
(ग) ओजिलो शिक्षा (घ) अङ्ग्रेजी माध्यमको शिक्षा

५. 'जय भुँडी' निवन्धमा भुँडीको वर्गीकरणले कुन कुरालाई बुझाएको छ ?
(क) भुँडीको वर्गीकरण (ख) वर्गीय चिन्तन
(ग) हास्यव्यङ्ग्यात्मकता (घ) सामाजिक विसङ्गति

६. नेपाली समालोचनाको सुरुवात कहिलेबाट भएको थियो ?
(क) वि.सं. १९८४ (ख) वि.सं. १९५८
(ग) वि.सं. १९४४ (घ) वि.सं. १९४८

७. 'चम्चा चिन्तन' निबन्धले कस्तो चरित्रलाई चाकडी मानसिकताका रूपमा चिनाएको छ ?
(क) कसैको अनावश्यक तारिफ र त्यसका प्रतिस्पर्धीको अनाहक निन्दा गर्ने
(ख) सत्तामा रहेकाको दिनरात च्याप्लुसी गरिरहने
(ग) शक्ति हुनेहरुलाई खुसी पार्न चिप्लो घसिरहने
(घ) कसैको प्यारो बन्न असभ्यता देखिने गरी व्यवहार गर्ने

८. निर्णयात्मक समालोचनाको प्रारम्भ कर्ता को हुन् ?
(क) तारानाथ शर्मा (ख) रामकृष्ण शर्मा
(ग) इन्द्रबहादुर राई (घ) यदुनाथ खनाल

९. नियात्रामा कुन दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ ?
(क) तृतीय (ख) प्रथम
(ग) द्वितीय (घ) माथिका सबै

१०. नेपाली समालोचनामा बाबुराम आचार्यले अवलम्बन गरेको प्रवृत्ति कुन हो ?
(क) अनुसन्धानमूलक समालोचना (ख वस्तुवादी समालोचना
(ग) प्रभाववादी समालोचना (घ) वैचारिक समालोचना